# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ विषयपरिचय

नेपालको राजधानीदेखि पूर्व उत्तरमा काभ्रेपलान्चोक जिल्ला पर्छ । काभ्रेपलान्चोक जिल्लाबाट दक्षिण च्याम्म्राङ्बेंसी, शिरमा नारायणस्थान मन्दिर हुँदै पूर्वतर्फ गणेशस्थान, खोपासी रहेको छ । यस बेथानचोकमा महादेव मन्दिर, कृष्ण मन्दिर, महाङ्काल मन्दिर रहेका छन्, यिनलाई प्रसिद्ध देवता मानिन्छन् ।

यस स्थानको पूर्वमा पनौती न.पा. पश्चिममा ल.पु. जिल्ला, दक्षिणमा कामीडाँडा, उत्तरमा रोसी गाउँपालिका पर्दछ । यस नारायणथान मन्दिरको रमणीय स्थलबाट अवलोकन गर्दा उत्तरमा हिमाल, दक्षिणमा नेपालको तराईको सम्म परेका फाँटहरू र महाभारत लेकसम्म अवलोकन गर्न सकिन्छ ।

यस बेथानचोक गाउँपालिका साविक दुर्खक गा.वि.स. कसरी नाम रहन गयो भन्नेबारेमा केही किम्बदन्तीअनुसार बेथान नारायण मन्दिर शिरमा रहेको हुनाले यस ठाउँको नाम बेथानचोक रहन गएको हो भन्ने भनाइ छ । यस क्षेत्रमा विभिन्न जनजातिहरू बसोबास गर्दछन् । यहाँ विभिन्न भक्तजनहरू आई दर्शन गरी फर्कन्छन् । आफ्नो इच्छाएको वरदान माग गर्दछन् । यस स्थानमा विभिन्न जनजातिहरू ब्राह्मण, क्षेत्री, नेवार, मगर, दमाई, कामी आदि बसोबास गर्दछन् । यहाँका मानिस एवम् आपसमा सहयोगको आदान प्रदान गर्दछन् । जुन जातअनुसार आ-आफ्नो धर्म संस्कृतिमा चाडपर्व, विवाह, व्रतबन्ध, रीति रिवाज अनुसारै गर्ने गर्दछन् ।

यस क्षेत्रमा मनाइने चाडपर्वहरूमा दशैं, तिहार, धन्य पूर्णिमा, स्वस्थानी ब्रतकथा, माघेसङ्क्रान्ति, फागु पूर्णिमा, चैते दशैं पर्दछन् । दशैंमा महाँकाल मन्दिरमा पूजाआज विशेष रूपमा गरिन्छ र विभिन्न बाजा, भजन, कीर्तन, गीत गाइने परम्परा रहेको छ । यस ठाउँमा सामान्य मौसम रहने गर्दछ । जाडोमा पनि कम जाडो र गर्मीमा पनि कम गर्मी रहने गर्दछ । प्रायः गरी मकै, कोदो, धान (हिमाली), र गहुँ, तोरी मुख्य बाली लगाइन्छ । तरकारी खेतीमा गोलभेडा, आलु,

काउली, बन्दा, मुला, धनिया, लसुन, व्याज, काँक्रो, फर्सी, स्कुसको अर्गानिक खेती गरिन्छ । हिउँदमा तोरी, फापर तथा गहुँ तथा जौको खेती गरिन्छ भने कन्दमुलमा सखरखण्ड, पिडालु, तरुल आदिको खेती पनि गरिन्छ । यस स्थानमा यातायातको त्यति राम्रो व्यवस्था छैन । हाल आएर केही कच्ची सडकहरू निर्माण हुन लागेका छन् । पिउने पानीको व्यवस्था पर्याप्त अवस्थामा छैन तर पनि केही पानीहरू सङ्कलन गरी विभिन्न गाउँहरूमा ठाउँठाउँमा पानीको धारा जडान गरी पिउने पानीको व्यवस्था गरिएको छ ।

रेडियो, टेलिभिजन, एफ. एम. जस्ता सञ्चारका साधनहरूको विकासले गर्दा मानिसहरूले आफ्नो परम्परादेखि चलिआएको मौखिक गीतहरू भुल्न थालेका छन् र विवाह, ब्रतबन्ध, पूजापाठ, छैठी चाडपर्व जस्ता शुभ कार्यहरूमा पनि रेडियो, टेलिभिजनबाट बज्ने गीतहरू गाउने प्रचलन बढेको छ । पढे लेखेका युवाहरू सहर पस्ने र नफर्कने अन्य युवाहरू पनि खाडी लगायतका मुलुकतिर जानाले गाउँमा गीत गाउने र रमाइलो गर्ने प्रचलन बिस्तारे हराउँदै जान थालेको पाइन्छ ।

लोकगीत नेपालको यत्रतत्र सर्वत्र र आफू बसेको परिवेशलाई झल्काउने गरी समथर फाँटदेखि डाँडा काँडा, उकाली ओराली, भन्ज्याङ्ग, देउरालीमा नदीका किनारमा गुञ्जिरहेको पाइन्छ । लोकगीत समाजको दर्पण हो, लोकसाहित्य समाज सापेक्ष भएर बाँचेको हुन्छ । लोकगीतहरू व्यक्ति बोलेको हुन्छ, समाज बोलेको हुन्छ र राष्ट्र बोलेको हुन्छ । साहित्यले आफ्नो भाषा समय सापेक्ष भाव परिवर्तन गर्नुका साथै राणकालीन समयको विरोध गर्दै प्रजातन्त्र, लोकतन्त्रलाई स्वागत र सम्मानका साथ समर्थन पनि गर्‍यो ।

काभ्रे जिल्ला वाग्मती अञ्चलको पूर्वी क्षेत्रमा अवस्थित छ । यस जिल्लामा पनि परम्परादेखि नै लोकगीतहरू गाउने प्रचलन छ । यस जिल्लामा विभिन्न प्रकृतिका लोकगीतहरू छरिएर रहेका छन् । ती लोकगीतहरू कतिपय लोप भएर गइसकेका छन् । कतिपय लोक हुने स्थितिमा छन् भने कतिपय लोकगीतहरू जनमानसको जिब्रोमा गुन्जिरहेका छन् । यस्ता हराएर जान लागेका अमूल्य सम्पत्तिलाई सङ्कलन गरी संरक्षण गर्नुपर्ने र ती गीतहरूको अध्ययन अनुसन्धान गरी विश्लेषण गर्नुपर्ने आजको आवश्यकता हो ।

## १.२ समस्याकथन

कुनै एउटा स्थानमा रहेका सांस्कृतिक महत्त्वका लोक गीतका बारेमा त्यसै ठाउँका व्यक्तिहरूलाई जानकारी नहुनु वास्तवमै एउटा समस्या हो । वर्तमान समयमा युवा पुस्तामा सोझो पश्चिमी संस्कृतिको प्रभाव एवम् सञ्चार माध्यमबाट बज्ने गीतप्रतिको आकर्षणका कारण यस्तो समस्या देखा परेको हो । यस्तै समस्या यस बेथानचोक गाउँपालिका (साविक ढुङ्खर्क गा.वि.स.) मा पनि देखियो । आफ्नो ठाउँमा के कस्ता नेपाली लोकगीतहरू प्रचलित छन् । कति प्रकारका छन् र तिनका विशेषता के के छन् भन्ने विषयमा यहाँका व्यक्तिलाई जानकारी हुनु अत्यन्त आवश्यक छ । यस्ता ओझेलमा परेका कुरालाई बाहिर ल्याउनका लागि न कसैको सक्रियताको खाँचो अवश्य नै छ । यसर्थ यही आवश्यकताको महसुस गरी नेपाली भाषाका पाठक तथा नेपाली भाषाको विकास गर्न चाहने व्यक्तिको खाँचोलाई समेत आंशिक मात्रमा भए पनि सहयोग पुऱ्याउने उद्देश्यनुरूप निम्न समस्याहरूमा केन्द्रित भई यो अध्ययनपत्र गरिएको छ :

(क) बेथानचोक क्षेत्रका लोकगीतहरूको सङ्कलन केकसरी गर्न सकिन्छ ?

(ख) बेथानचोक क्षेत्रका लोकगीतहरूको बर्गीकरण र विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनकार्यको उद्देश्य

यस अध्ययनको उद्देश्य बेथानचोक गाँउपालिका (साविक ढुङ्खर्क गा.वि.स. लगायत च्याम्म्राङ्बेँसी, चलान गणेशस्थान, च्यासिङ्खर्क, भुग्देउ गा.वि.स.) को लोकगीतहरूको अध्ययन गर्नु यस अध्ययनको मूल उद्देश्य हो । त्यससँग सम्बन्धित बुँदाहरू यस प्रकार छन् :

(क) बेथानचोक क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन गर्नु ।

(ख) बेथानचोक क्षेत्रका लोकगीतहरूको अध्ययन गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

काभ्रे जिल्लाको लोकगीतको बारेमा विभिन्न समयमा विभिन्न व्यक्ति र पत्र पत्रिका मार्फत् चर्चा गरेको पाइन्छ । तर त्यतिले मात्र नपुगी अरु पनि खोज अनुसन्धान र सङ्कलन गर्नु आवश्यक रहेको छ । काभ्रे जिल्लाको बेथानथोक क्षेत्रमा

लोकगीतहरूको अध्ययन गर्दा लोकगीतका बारेमा छुट्टै अध्ययन अनुसन्धान भएको पाइँदैन तापनि यस क्षेत्रमा गाइने लोकगीतहरूलाई सङ्कलन गरी लोक गायकहरूले एल्बम मार्फत बजारमा ल्याउने कार्य भएको छ । काभ्रे जिल्लाको बेथानथोक क्षेत्रका गीतका सम्बन्धमा हालसम्म कुनै पनि शोध कार्य नभए तापनि गीतसँग सम्बन्धित पूर्वकार्यलाई कालक्रममा तल प्रस्तुत गरिनेछ :

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकमा लोकवार्ता र लोकसाहित्यको अध्ययन अनुसन्धानका पद्धतिका बारेमा प्रकाश पारेका छन् । नेपाली लोकसाहित्यको सम्पूर्ण विधाहरू उदाहरण सहित विवेचना गरिएको छ । नेपाली लोकसाहित्यको अध्ययन परम्पराका साथै नेपाली लोकसाहित्यका सम्पूर्ण विधाहरूको उदाहरणसहित विश्लेषण गरिएकोले यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अध्ययनकर्ताहरूलाई यस पुस्तकले सहयोग पुऱ्याउने छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्य** ( २०६३) नामक पुस्तकमा लोकसाहित्यको पूर्ण परिभाषा गरी लोकगीतको विशेषता र वर्गीकरण गरेका छन् । यस पुस्तकमा लोकगीतका परिचय, परिभाषा, वर्गीकरण गरिएकाले लोकगीतको बारेमा अध्ययन गर्न सजिलो भएको छ साथै लोकगीतको क्षेत्रमा नयाँ आयाम थपेको छ ।

लोकसाहित्यको अध्ययन तथा विकासमा माथि उल्लिखित विद्वान्हरूले महŒवपूर्ण योगदान दिए पनि बेथानचोक क्षेत्रमा अहिलेसम्म लोकगीतको समग्र अध्ययन भने भएको छैन । त्यसैले बेथानचोक क्षेत्रलाई केन्द्र बनाएर यस अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्व उपयोगिता

काभ्रे जिल्लाको बेथानचोक क्षेत्रमा लोकगीतको सङ्कलन तथा विश्लेषण गर्नु नै मुख्य उद्देश्य भएकोले अनुसन्धानात्मक दृष्टिले यो अध्ययन औचित्यपूर्ण छ । यस भेगमा प्रचलित लोकगीतहरूको अध्ययन र विश्लेषणबाट यस भेगका सामाजिक परिस्थिति, रितिस्थिति, चालचलन, दुःखसुख जस्ता विविध गतिविधिका बारेमा जानकारी राख्न खोज्नेले बढी लाभ लिन सक्छन् । यस क्षेत्रका विभिन्न ठाउँबाट लोक गायकहरूद्वारा लोकगीतहरू सिर्जना गरिएको लोकगीतको लोप हुन

पाउँदैन । जनमानसमा गुम्सिएर रहेका लोकगीतहरूलाई सङ्कलन गरी संरक्षण गरेर राख्न सहयोगी हुन्छ । यस अध्ययनले विभिन्न लोकगीतहरूको तुलनात्मक अध्ययन, अनुसन्धान र विकासमा सहयोग पुगेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

काभ्रेपलान्चोक जिल्ला नेपालको मध्यपूर्वी पहाडी भूभागमा अवस्थित जिल्लाहरू मध्यको एक हो । देशको प्रशासनिक विभाजनअनुसार यस जिल्ला वागमती अञ्चलमा पर्दछ । यस जिल्लाको छ नगरपालिका र ७ गाउँपालिका रहेका छन् । ७ गाउँपालिका मध्ये बेथानचोक गाउँपालिका पनि एक हो । यो गाउँपालिका ५ वटा साविक गा.वि.स. ढुङ्खर्क, चलाल, च्याम्म्राङबैंसी, भुग्देउ समावेश गरी बनेको हो । यसमा बेथानचोकको मात्र आधारमानि बनाइएको छ ।

यस अध्ययनको भौगोलिक सीमाअन्तर्गत काभ्रे जिल्लाको बेथानचोक गाउँपालिका (साविक ढुङ्र्खक) अन्तर्गत पर्दछ । यी क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूका बारेमा मात्र सीमित रहेको छ भने विभिन्न भाषिक जातजाति, भाषाभाषी, धर्म, संस्कृतिका मानिस भए तापनि नेपाली भाषामा रहेका लोकगीतहरूलाई मात्र यस अध्ययनभित्र समेटिएको छ । यसरी यस अध्ययन पत्रलाई एउटा निश्चित सीमाभित्र सीमित गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनको निमित्त सामग्रीका रूपमा अनुसन्धान विधि र पुस्तकालय अध्ययन विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा नै गई त्यहाँका स्थानीय जनसमुदाय, अग्रज तथा अहिलेका युवा पुस्ताहरूलाई मुख्य अध्ययनको केन्द्रविन्दु बनाइएको छ । प्राथमिक स्रोतअन्तर्गत प्रत्यक्ष गीतहरू सङ्कलन गरिएको छ भने द्वितीय स्रोतअन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, गीतका एल्बमहरूलाई सामग्रीको रूपमा लिइएको छ ।

## १.८. अध्ययन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्न सङ्कलित सामग्रीहरूलाई लोकगीतका तत्वअनुसार विश्लेषण गरिएको छ । अध्ययन र विश्लेषणका क्रममा प्राप्त भएका

लोकगीतहरूको परिचय प्रस्तुती मूल पाठ, विषयवस्तु, लय र भाका जस्ता कुराहरूलाई विश्लेषण र वर्णनात्मक विधिको प्रयोग गरी उक्त अध्ययन गरिएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

यस अध्ययनपत्रलाई व्यवस्थित र सङ्गठित बनाउनको लागि निम्न लिखित परिच्छेदम विभाजन गरिएको छ :

पहिलो परिच्छेद - अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद - बेथानचोक क्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद - बेथानचोक क्षेत्रका लोकगीतहरूको सङ्कलन

चौथो परिच्छेद - लोकगीतहरूको वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद - सारांश तथा निष्कर्ष

सन्दर्भसूची

# दोस्रो परिच्छेद

# बेथानथोक क्षेत्रको सङ्क्षिप्त परिचय

## २.१ काभ्रे जिल्लाको परिचय

देशको राजधानी काठमाडौँबाट काभ्रे जिल्ला प्रवेशद्वार साँगा २१ किलोमिटर पूर्वमा पर्दछ भने सदरमुकाम धुलिखेल ३१ किलोमिटर दुरीमा छ । यो जिल्ला ८५.२४° देखि ८५.४९° पूर्वी देशान्तर र २६.२१ देखि २६.८५° उत्तरी अक्षाशकाबीच १४०४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्वमा रामेछाप जिल्ला र दोलखा जिल्ला, पश्चिममा काठमाडौँ जिल्ला, ललितपुर जिल्ला र भक्तपुर जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र मकवानपुर जिल्ला पर्दछन् । पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाँडा एवम् साँगा भन्ज्याङ, उत्तर इन्द्रावती एवम् सुनकोशी नदी र दक्षिण कोखाजोर र एवं खानी खोलाले बेरिएको यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ। समुद्र सतहदेखि ३१८ मिटर (कोखाजोर खोला) देखि ३०१८ मिटर (बेथानचोक नारायण डाँडा) सम्म रहेको यस जिल्लाको अधिकाँश भाग पहाडी भू-धरातलले भरिएको छ (https://en.wekipedia.org/wiki/Kavre)।

काभ्रे जिल्ला नेपालको प्रदेश नं ३ अन्तर्गतकै एक जिल्ला हो । काभ्रे नेपालको एक ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षबाट संसारभर परिचित जिल्ला हो । सदावहार अनुकुल वातावरण विशिष्ट हावापानी, नदीनालाहरू पाइने यस जिल्ला अत्यन्त परिचित स्थान बनाउन सफल छ । यो जिल्लामा पर्ने पलाञ्चोक मन्दिर, नमबुद्ध मन्दिर, चण्डेश्वरी मन्दिर, त्रिवेणी मन्दिर (पनौती) हिन्दु र बौद्धहरूको बीचमा चर्चित रहेको छ । यसैमा संयुक्त राष्ट्र संघको शान्ति स्थापना गर्ने जाने शान्ति सैनिकहरूले तालिम गर्ने तालिम केन्द्र समेत यस जिल्लाको पाँचखाल क्षेत्रमा पर्नाले पनि यस जिल्लाको नाम संयुक्त राष्ट्र संघका उच्च पदाधिकारीले लिने गर्दछन् । यस जिल्लामा विभिन्न जातजाती, भाषा, सम्प्रदाय, हावापानी, भौगोलिक धरातल र ऐतिहासिक धरोहर लगायत सभ्यताको एउटा विशिष्ट भूमि हो । पनौनीको एक निश्चित इलाकामा दैवी शक्तिका कारण भूकम्प

समेत नजाने भनाइ छ । हालसम्म यस इलाकामा १९९० साल, २०७२ सालको कुनै पनि भूकम्प नगएको बाट पनि यो कुराको पुष्टि हुन्छ । काभ्रे जिल्लाको सदरमुकाम धुलिखेल हो (https:// en.wekipedia.org/wiki/Kavre) ।

### २.१.१ जिल्लाको नामकरण

विभिन्न इतिहासकार तथा ग्रन्थहरूमा विभिन्न नामले सम्बोधित काभ्रे जिल्ला शब्दको उत्पत्ति काभ्रे गाउँ र पलाञ्चोक भगवतीको संयुक्त नामबाट रहन गएको हो भन्ने भनाइ बूढापाकाहरूको रहेको छ । काभ्रे + पलाञ्चोक काभ्रेपलाञ्चोक रहन गएको हो ।

### २.१.२ प्राकृतिक बनावट

यस जिल्लाको अधिकांश भाग पहाडी भू-धरातलले भरिएको छ । उच्च पहाडी भागमा हिउँदका समयमा हिउँ समेत पर्ने गर्दछ ।

### २.१.३ राजनीतिक विभाजन

काभ्रे जिल्लामा ७ गाउँपालिका, ६ नगरपालिका र ४ वटा निर्वाचन क्षेत्र छन् ।

### २.१.४ जनसङ्ख्या

राष्ट्रिय जनगणना वि.सं. २०६८अनुसार काभ्रे जिल्लाको जम्मा जनसङ्ख्या ३८१९३६ रहेको छ (राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग) ।

### २.१.५ धर्म

यस जिल्लामा सबैभन्दा बढी हिन्दू धर्म मान्ने मानिसहरू रहे तापनि बौद्ध, इस्लाम, क्रिश्चिन धर्म मान्ने मानिसहरू पनि छन् ।

## २.१.६ शैक्षिक अवस्था

शैक्षिक अवस्थाका हिसाबले काभ्रे जिल्ला धेरै नै अगाडि रहेको छ भन्न सकिन्छ । काठमाडौँ विश्वविद्यलाय धुलिखेलमा रहेको छ । त्यसले चिकित्सा शिक्षादेखि सबै प्रकारका शिक्षा प्रदान गर्दै आइरहेको छ । त्यस्तै अन्य क्याम्पसहरू पनि सञ्चालनमा रहेका छन् । प्रत्येक गाउँमा +२ शिक्षा अनिवार्य रहेको छ त्यसले पनि शिक्षाको अवस्था राम्रो रहेको जानकारी दिन्छ ।

## २.१.७ यातायात

काभ्रे जिल्लामा धेरैजसो ठाउँमा मोटरबाटो पुगेको छ । यहाँको मुखय सडक बनेपा, धुलिखेल, कोदारी, वि.पी. राजमार्ग हो भने बनेपा, बुदिबास बाटो पनि सञ्चालनमा रहेको छ । नेपालको तराई जोड्ने बाटो त्यस्तै चीनको खासा बजार जाने बाटो आदि । तर थोरै मात्र सडक कालोपत्रे गरिएको यस जिल्लाका अधिकाँश सडकहरू कच्ची रहेका छन् । यसै कच्ची सडकले नै यहाँका मानिसहरूलाई यातायात सुविधा दिइरहेका छन् ।

## २.१.८ सञ्चार

काभ्रे जिल्ला सञ्चारको सञ्जालयुक्त जिल्ला हो । काभ्रेका बासिन्दाले स्वदेश तथा विदेशमा बस्ने आफन्तसँग कुराकानी तथा विविध विषयहरूले सूचना प्राप्त गर्दछन् । नेपाल दूर सञ्चार एन.सि.एल, स्काई, स्मार्ट इन्टरनेट आदिले सबैको घर आँगन तथा हात हातमा मोबाइल पुऱ्याएका छन् । बेथानथोक क्षेत्रका बासिन्दाहरूले केवल र डिस होमका सहायताले टेलिभिजनका माध्यमबाट विश्वका घटना परिघटना थाहा पाउन सफल भएका छन् । राष्ट्रिय र जिल्लाका रेडियो तथा पत्रपत्रिकाहरूले समेत बेथानथोक क्षेत्रका गाउँ गाउँमा खबर पुऱ्याउने गरेका छन्

## २.१.९ वन जङगल

काभ्रे बेथानथोक क्षेत्रको वन जङ्गल सामुदायिकीकरण गरिएको छ । यहाँ वन जङ्गलमा जीवजन्तु, जनवार र चराचुरुङ्गीहरू पाइन्छन् । यहाँको वन जङ्गलमा

ठिमुरे सल्ला, पैयु, बाँस, उत्तिस, गुराँस, अगेरी, दुदिलो, बाँज, कँडुस, चाँपो आदि रुखहरू पनि पाइन्छन् । जडिबुटीहरू बोझो, टिमुर, तेजपात, पाती, नीम, चिराइतो आदि पाइन्छन् । वन जङ्गलमा पशुपंक्षी बाँदर, चितुवा, खरायो, स्याल, बँदेल, मृग, जनवार र कालिज, सुगा, तित्रा, भँगेरा, काग, ढुकुर, भ्याकुरा, परेवा, सइराइना, जुरेली, चिल, गिद्ध जस्ता पंक्षीहरू पाइन्छन् । यहाँ बस्ने जीवजन्तु र जनावरले यी क्षेत्रलाई रमणीय बनाएका छन् ।

## २.२ बेथानथोक क्षेत्रको परिचय

काभ्रे जिल्लाको ७ गाउँपालिका मध्येको एक गाउँपालिका बेथानथोक पनि हो । यो जिल्लाको दक्षिणी भेगमा अवस्थित गाउँपालिका हो । यो क्षेत्र जिल्ला सदरमुकामबाट २० कि.मी. मा रहेको छ । यसको शिरमा नारायणथान देवताको शिर रहेको छ । यसको उचाइ ३०१८ मिटर रहेको छ । यो महाभारतको लेकमा पर्दछ । यहाँ महादेवस्थान मन्दिर, महाँकालस्थान मन्दिर आदि प्रसिद्ध मन्दिरहरू रहेको छ । यस क्षेत्रमा मगर, नेवार, दमाई, कामी, तामाङ, ब्राह्मणी तथा क्षेत्रीहरूको बसोबास रहको छ । यहाँको मुख्य खेतीपाती धान, मकै, गहुँ, तोरी आदि रहेको छ । तरकारी खेतीमा आलु, बन्दा, काउली आदि रहेको छ । भौगोलिक हिसाबले पहाडी क्षेत्र भएको कारण यस क्षेत्रमा खेतीयोग्य जमीन कम मात्रामा रहेको छ । यस भेगका मानिसहरू प्राय वैदेशिक रोजगारी लगायत शिक्षक, सेना, प्रहरी तथा अन्य उद्योगधन्दामा पनि संलग्न छन् । यस क्षेत्रको धर्म र संस्कृति मान्ने मानिसहरू विभिन्न तरिकाबाट लोकगीतको वर्णन गर्न संलग्न भएको देखिन्छ ।

बेथानचोक क्षेत्रका गाउँहरू मुलडाँडा, चोरण्डे, पाट्नेखोला, थली, बाह्रबिसे, गेल्डुङ, साइटार, बेथानचोक, महाङ्कालस्थान, बागने, गुर्दुम, पार्थली भन्ज्याङ्ग, खोरथली आदि रहेका छन् ।

बेथानथोक क्षेत्रका विभिन्न जातजातिका मानिसहरू बसोबास गरेका भए पनि सबैले समान रूपमा चाडपर्व मनाउँछन् । सबै मिलेर एक आपसमा आफ्ना धर्म संस्कृतिहरूलाई निरन्तरता दिँदै आएका छन् । सामाजिक सद्भाव, धार्मिक सहिष्णुता कायमै छ । गेल्डुङका श्री पार्वती बहुमुखी क्याम्पस र गाउँपालिका भवन,

प्रहरी चौकी, वडा नं. २ कार्यालय, स्वास्थ्य चौकी रहेको छ । बेथानचोक क्षेत्र प्राकृतिक मनोरम दृश्य भएको एक रमणीय गाउँ हो । यो गाउँलाई वरिपरि पहाडले घेरिएको र बिचमा समथर भूभाग रहेको छ । दक्षिणतर्फ करिब ३०१८ मिटर अग्लो बेथानचोक नारायण मन्दिर भएको डाँडा छ ।

## तेस्रो परिच्छेद

# बेथानथोक क्षेत्रका लोकगीतहरूको सङ्कलन

### असारे गीत

बर्खैमा लागि खोला र खोली बगेछ लेउसार
पूर्वै ढोका खोलेर हेर्दा लागेछ असार

असार मासको दोपहरे खाजा रानीको कसार
सुनको ढोको उघारी हेर्दा गएछ असार

तीनै र सहर नेपालै मान्मा सुनको गजुर
रात र पऱ्यो भ्याउँकिरी बास्यो विदा भो हजुर

असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बिस रिन लाग्यो
बेलौती काँचो ख्याल होइन साँचो छ बीस रिन लाग्यो ।

असार मासको दश र पन्ध्र रोपाइँको चटारो
राखने लुगा किनिदेउ आमा गौथले पेटारो
पानीको धारो नमान गाह्रो गौथले पेटारो

एकै र मुठी खरको बाँस भेडीको थुमेलाई
पहिलो चरण अरुलाई हैन धर्तीको भूमेलाई

बारी र डाँडा, पारि र डाँडा फूल फूल्यो सकरी
बुझल्ला भुमे, गरम्ला पूजा, बाँधम्ला भकारी

रोपम्ला गैरी, बाँधम्ला थैली, थापम्ला भकारी
हो हो रे हो हो हो ................।
हो हो रे हो हो हो ................।
हली नी आए, बाउसे नि आए, नि वियाडे
हातको बीउ, म कल्लाई दिउँ रोपाहार हराए
यो कुरा साँचो, ख्याल होइन साँचो रोपाहार हराए
हो हो रे हो हो हो ................।
हो हो रे हो हो हो ................।
छुपुमा छुपु हिलोमा धान रोपेर छोडौला
बनाई कुलो, लगाई पानी, आएर गोडौला
भनेर सानी पटुकी रातो बाँधेर झरेकी
धमिलो खोला बाढीले होला, कसरी तरेकी
बिहानी पख झुल्किन्छ घाम देउराली पाखामा
असारेगीत घन्किन्छ अनि सुरिलो भाकामा ।

## कर्म (श्रम) मकै गोड्दा गाइने गीत

घैया मकै कुटाले गोड्दिन
यो मायलाई बित्ताभर छोडदिन ।

खानी भए खाउ पानी सारेर
जानी भए जाउ माया मारेर ।

**स्रोत व्यक्ति** : पम्फा तिमल्सिना
**स्थान** : बेथानचोक-२, वर्ष -३५

## तीज (पर्व) गीत

बाबाको घर मुनि ठूलो रुख बडर, धेरै छोरी छन् भनेर हेला नगर
छोरी धेरै भए पनि परै घर जाँदा हुन्, पराइ घरमा गएर पिडी छेउमा बस्दा हुन् कस्को मुख हेरेर भित्र बस्दा हुन् ।

तीजको बेलामा सबै जान्छन् माइत
आफ्नो माइती डाँडापारी छैन साइत -२

तीजको बेलामा बाबा आए लिनलाई
पठाई दिनुस् स्वामी राजा दुई दिनलाई -२

तीजको बेलामा सबै जान्छन् मेलामा
म छोरीका आँसु झऱ्यो दैला ठेलामा -२

तीजको बेलामा बाबा लिन आउनुभो
ससुरा र सासुले वचन लाउनु भो-२

तिमी माइत गयौ भने कसले काम गर्नेछ
घरमा भाको लौनो भैसी यसै मर्नेछ -२

छिट्टै गरी आउ है छोरी भन्नुभाथ्यो आमाले
माइत जान पाइन म त घरको कामले -२

डाँडापाखा सेतै भयो सिमलुको भुवाले
एउटी छोरी पाल्या भए हुन्थ्यो बुबाले -२

दाजुभाइ अंश लिन्छन् चार किल्ला ठोकेर
म छोरी चाहिँ हिँड्नुपर्ने डोको बोकेर -२

आँगनीको छेउ पनि बिस्कुन हाल्न चाहिन्छ
जाउँ छोरी आफ्नै घर अंश पाइन्छ -२

**स्रोत व्यक्ति** : पम्फा तिमल्सिना
**स्थान** : बेथानचोक-२, वर्ष -३५

## भैलो (चाडपर्व) गीत

भैलेनी आइन आँगन बडारी कुडारी राखन
हे औसीको बार गाई तिहार भैलो

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
भैलेनी आईन भैलाउँदै गुनियो चोलो मैलाउँदै
भैलेनी आइन आँगन बडारी कुडारी राखन
हे औसीको बार गाई तिहार भैलो

दैलामाथि लेखेको लक्ष्मीले देखेको हे औसीको बार गाईतिहार भैलो
छानामाथि घिरौला के के दिन्छन् हेरौला हे औसीको बार गाईतिहार भैलो

बारीको छेउमा खरै खर हामीलाई लाछ डरै डर, हे औसीको बार गाईतिहार भैलो
यो घरकी आमा कस्ती छिन् चन्द्रमा सूर्य जस्ती छिन् हे औसीको बार गाईतिहार भैलो
छमछम पैसा गन्दैछन् दिउकी नदिउ भन्दैछन् हे औसीको बार गाईतिहार भैलो
झ्यालैमा बत्ती देलैमा बत्ती हे सुन हजुर भैलेनी आइन आँगन बडारी कुडारी राखन
हे औसीको बार गाई तिहार भैलो

**स्रोत व्यक्ति** : मन्दिरा तिमल्सिना

**स्थान** : बेथानचोक-२, वर्ष -२२

## देउसी (पर्व) गीत

हे मेरा भाइ हो, देउसी रे
हे झिलिमिली झिलिमिली, देउसी रे
हे के को झिलिमिली, देउसी रे
हे बत्तिको झिलिमिली, देउसी रे
हे केराकाटी खम्बा, देउसी रे
हे चार भाइ जम्मा, देउसी रे
हे हामी तेसै आएनौ, देउसी रे
हे बली राजाले पठाको देउसी रे
हे मेरा भाइ हो, देउसी रे
हे राम्ररी भन, देउसी रे
हे स्वर मिलाइकन, देउसी रे
हे औसीको रातमा, देउसी रे
हे बत्ती छैन साथमा, देउसी रे
हे यहाँ मात्र हैन, देउसी रे
हे चौध अञ्चल, देउसी रे
हे पचहत्तर जिल्ला, देउसी रे
हे घुम्नु पर्छ, देउसी रे
हे रातो माटो, देउसी रे
हे चिप्लो बाटो, देउसी रे
हे लड्दै पड्दै, देउसी रे
हे आएका हामी, देउसी रे
हे ठूलाबडा घरको, देउसी रे
हे ठुलै चाला, देउसी रे
हे यो घर कत्रो, देउसी रे
हे सिंहदरबार जत्रो, देउसी रे
हे आँगन हेर्दा, देउसी रे
हे टुँडिखेल जत्रो, देउसी रे

हे के कति खान्छौ, देउसी रे
हे म मागी दिउला, देउसी रे
हे व्यक्तिको दाना, देउसी रे
हे धन्दै नमान, देउसी रे
हे ल्याउनै आँटे, देउसी रे
हे लामा लामा मकै, देउसी रे
हे त्यसमाथि थाल देउसी रे
हे थालमा चामल, देउसी रे
हे त्यसमाथि दियो, देउसी रे
हे बालेर भाइ हो, देउसी रे
हे वरिपरि सबै, देउसी रे
हे हात्ती गैडा मात्रै, देउसी रे
हे देख्यौ त भाइ हो, देउसी रे
हे ठूलाबडा घरमा, देउसी रे
हे ठुलै हुन्छ चाला, देउसी रे
हे इज्जतै जाला, देउसी रे
हे बेइज्जतै होला, देउसी रे
हे संस्कृति हाम्रो, देउसी रे
हे कति छ राम्रो, देउसी रे
हे अन्नपात बढोस्, देउसी रे
हे हिरा र मोती, देउसी रे
हे जै जुहारात, देउसी रे
हे सुन र चाँदी, देउसी रे
हे तामा र पित्तल, देउसी रे
हे मोटो सरी होउन, देउसी रे

**अर्को किसिमको आशीष गीत**

हे यसपाली आउँदा, देउसी रे
हे खरको छानो, देउसी रे
हे आघौ आउँदा, देउसी रे
हे जस्ताको छानो, देउसी रे
हे पराघुम आउँदा, देउसी रे
हे सुनको छानो, देउसी रे
हे यसपाली आउँदा, देउसी रे
हे गाई र भैसी, देउसी रे
हे आघौ आउँदा, देउसी रे
हे गोठभरि, देउसी रे
हे गाई र भैसी, देउसी रे
हे भइमा जाउन, देउसी रे
हे देउसेको आशिष, देउसी रे
हे लागीमा जाओस्, देउसी रे

**स्रोत व्यक्ति** : मदन तिमल्सिना
**स्थान** : बेथानचोक-२, वर्ष -१७

**संस्कार (रत्यौली) गीत (दुलहा अन्माएपछि गाइने)**

दाइ त गए हो ! सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै -२

पारिपट्टि हो ! भोगटे पेलेको
दाइको बिहेमा रत्यौली खेलेको -२

हाम्रो दाइले हो ! लगेको सारी
आज आउने बेहुलीले दाउपारी -२

बेहुला बेहुली हो ! खेल्दैछन् पासा
दुनियालाई भैरा छ तमासा

पारिपट्टि हो ! घर छायो सेउलाले
लगनगाँठो समायो बेहुलाले

हाम्रो दाइले हो ! लगेको औठी
ठूलो भयो भाउजूले के लाउँथी ?

**स्रोत व्यक्ति** : कौशिला सापकोटा
**स्थान** : बेथानचोक-२, वर्ष -२८

**संस्कार गीत (दुलही भिœयाउने बेलामा गाइने)**

गहुँको पिठो हो मुछेर सुवारी
आइ त पुगिन लच्छिनकी बुहारी
दुलही नानी हो ! तिम्रो मन कस्तो छ ?
हाम्रो भाइ त कृष्णजी जस्तो छ -२
दुलही नानी हो ! नझार आँसु
आमा भन्दा दयालू छिन् सासू

दुलही नानी हो ! भाग्यको कुरा छ
दुई भाइ छोरा सम्पत्ति पूरा छ- २

हाम्रो दाईले हो ! लगेको सुनचुरा
दुलही तिम्लाई पुगेन कुन कुरा -२

जेठी दुलही हो ! भएर बसौली
एउटा कोठा गरेर बसौली -२

मीठो हुन्छ हो ! माइती बासी भात
अर्का घरलाई आफ्नै हो भन्ने जात -२

छाडी आयौ हो ! माइतीको घरबार
आइ त पुग्यो स्वामीको दरबार -२

छोरीलाई हो ! नगर्नुहोस् हेला
पछि पछि पर्ने छौ त्यै फेला -२

**स्रोत व्यक्ति** : पम्फा तिमल्सिना

**स्थान** : बेथानचोक-२, वर्ष -३५

## लोकगीत

झिल्के उमेर भएरै हो की कल्ले सम्झो
लाइरन्छ बाडुल्की, लौन ठूली लाइरन्छ बाडुल्की
झिल्के उमेर भएरै हो की कल्ले सम्झो
लाइरन्छ बाडुल्की, लौन ठूली लाइरन्छ बाडुल्की

ए है ठुले जोवन भो चुलबुले, हेर्दा हेर्दै जोवन भो चुलबुले
झिल्के उमेर भएरै हो की कल्ले सम्झो
लाइरन्छ बाडुल्की, लौन ठूली लाइरन्छ बाडुल्की

गाउँका ठीटा गोरु झै नार्ने भै यो कालीले सम्झेरै मार्नी भै
ए है ठूली लाइरन्छ बाडुल्की हिक्क हिक्क लाइरन्छ बाडुल्की

बिर्सु भन्छु के मान्थ्यो मनले उल्कै भयो बैशालु जोवनले
लौ न ठूली जोवन भो चुलबुले ए है ठूली जोवन भो चुलबुले
हेर्दा हेर्दै जोवन भो चुलबुले

हाम्रो अतीत भो सानु मर्ममा मनमा तिमी अर्कै भो कर्ममा
फाटेको मन सकिन रिझाउनलाई, अर्को जुनी चाहिदैन भो मलाई
सानु गाह्रो भा छ यही जुनी जिउनलाई, सानु गाह्रो भा छ यही जुनी जिउनलाई

रुखमा चढाई रुख ढल्यै किन, यो दिन आउँला कल्पनै गरिन
फाटेको मन सकिन रिझाउनलाई, अर्को जुनी चाहिदैन भो मलाई
सानु गाह्रो भा छ यही जुनी जिउनलाई, सानु गाह्रो भा छ यही जुनी जिउनलाई

भन्थ्यौ धड्कन नचल्ने भईच, जिउदै मार्ने तिम्रो नी सुररहेछ
फाटेको मन सकिन रिझाउनलाई, अर्को जुनी चाहिदैन भो मलाई
सानु गाह्रो भा छ यही जुनी जिउनलाई, सानु गाह्रो भा छ यही जुनी जिउनलाई

तिम्रो अब सकिन हुनलाई नरौ कालु पर्दैन रुनलाई
फाटेको मन सकिन सिउनलाई, अर्को जुनी चाहिदैन भो मलाई
सानु गाह्रो भा छ यही जुनी जिउनलाई, सानु गाह्रो भा छ यही जुनी जिउनलाई

तिमी हामी हिँडेको बाटोमा, झर्छ आँसु बगेर माटोमा
फाटेको मन सकिन रिझाउनलाई, अर्को जुनी चाहिदैन भो मलाई
सानु गाह्रो भा छ यही जुनी जिउनलाई, सानु गाह्रो भा छ यही जुनी जिउनलाई

तिम्रो हाम्रो भेट हुन रैछ हिजैदेखि चुलबुले मन भइछ
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

तिमी मेरो म तिम्रो बन्न पाउँ, छेउमै बसी हे काले भन्न पाउँ
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

तिमी माया आउँछौ रे भनेर भीरको बाटो सम्म छ खनेर
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

अलि ओर सर न रेशम सरन रेशम टाढा माया कसरी दिल बसम्
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

चर्को घाम छ पिपलु डाडैमा, बस्न माया हुन्थ्यो नि आडैमा
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

तिमी धड्कन यति भो मुटु काखमा बसी गर्न पाउँ लुटुपुटु
जाली रुमाल धुदै धुदिन अब मैले कसमै खाइसके, तिमीलाई सम्झी रुँदै रुदिनँ

**स्रोत व्यक्ति** : मन्दिरा तिमल्सिना

**स्थान** : बेथानचोक-२, वर्ष -२२

हे चन्द्र हौ कि तारा, लोभी हेकासारा झल्को बारम्बार निधारमा लेखेसी
पक्कै पूरा हुन्छ निधारैमा लेखेसी, आँखा लोभी मन पापी भयो तिमीलाई देखेसी

हे माछी जस्तै लेउमा त्यो मुटुको छेउमा मलाई लुकाई देउ न निधारैमा लेखसी
पक्कै पूरा हुन्छ निधारैमा लेखेसी, आँखा लोभी मन पापी भयो तिमीलाई देखेसी

हे आँखा झिमी झिमी कति राम्री तिमी, भन्छौ जोवन दिनी
पक्कै पूरा हुन्छ निधारैमा लेखेसी, आँखा लोभी मन पापी भयो तिमीलाई देखेसी
हे बढ्यो धड्कन चाल बस्यो मायाजाल, लैजौ एसै साल
पक्कै पूरा हुन्छ निधारैमा लेखेसी, आँखा लोभी मन पापी भयो तिमीलाई देखेसी

बिछोडको करौतीले काट्नु मनै काट्यो, जाँदा जादै मूलबाटोको दुई बाटो फाट्यो
एउटा बाटो परदेश, अर्को घरदेश, परदेशी र घरदेशीको कहिले होला भेट ।

मरुभूमि बालुवामा सपनाको खेती हो हो हो मरुभूमि बालुवामा सपनाको खेती हो[३]
सिचाई हुँदै बगेको छ खोला अनि नदी, आँखैभरि उनकै तस्वीर मनमा रोधी मादल
बाईर पोल्ने चर्को घाम छ भित्र कालो बादल ।
बिछोडको करौतीले काट्नु मनै काट्यो, जाँदा जादै मूलबाटोको दुई बाटो फाट्यो
एउटा बाटो परदेश, अर्को घरदेश, परदेशी र घरदेशीको कहिले होला भेट ।

थाहै हुन्न कुन बाटोले भीरतिर लान्छ हो हो हो सुखका दिन आउने हो कि भीरतिरै लान्छ , आस बोकी जानेहरू लासबनी आउँछन् कोहीको सुदिन फिर्छ कोहीले पाउनु दुःख पाउछन् ।
बिछोडको करौतीले काट्नु मनै काट्यो, जाँदा जादै मूलबाटोको दुई बाटो फाट्यो
एउटा बाटो परदेश, अर्को घरदेश, परदेशी र घरदेशीको कहिले होला भेट ।

माया रोयौ सोल्टी सलाल मायाको बिउ पाइन
बोल्न खोज्छु बोलाउनी निउ पाइन
तिलको अचार सोल्टी सलाम बोडीको बिरौला मायालुको गुन पैँचो तिरौला
पहिलो भेटमै नजरको बर्षाद् भो, मिठो बोल्यो ऐ बोली प्रसाद भो

तिलको अचार सोल्टी सलाम बोडीको बिरौला मायालुको गुन पैँचो तिरौला

तिम्लाई खोज्न सोल्टी सलाम धाई रन्थे मौरीझैँ
ज्यान सुकेर भैसको लौरीझैँ
तिलको अचार सोल्टी सलाम बोडीको बिरौला मायालुको गुन पैँचो तिरौला

आज ए घरमा भित्राए तिमीलाई, लोग्ने नै बनेर
अन्माएरै ल्याउथे भगाउनै पर्‍यो तिमीले नै भनेर
माछी कहाँ छ खोलीको लेउमा छ, माया कहाँ छ, मुटुको छेउमा छ
सुन माया कहाँ छ मुटुको छेउमा छ ।

दु:ख र सुख गरेर खाउला चलाउला घरबार
कर्मघर यही हो छाप्रो नै भएनी ठानौला दरबार
माछी कहाँ छ खोलीको लेउमा छ, माया कहाँ छ, मुटुको छेउमा छ
सुन माया कहाँ छ मुटुको छेउमा छ ।

जीवनभरि साथ दिए पुग्छ अरु केही चाहिँदैन
घाँस दाउरा खोले, भकारो सोर्न घिन मान्न पर्दैन
माछी कहाँ छ खोलीको लेउमा छ, माया कहाँ छ, मुटुको छेउमा छ
सुन माया कहाँ छ मुटुको छेउमा छ ।

बाँचुन्जेल दु:ख यही घरमा गर्छु लक्ष्मी बनेर
हेला चै गर्न पाउँदैनौ तिमीले छोरी पाई भनेर
माछी कहाँ छ खोलीको लेउमा छ, माया कहाँ छ, मुटुको छेउमा छ
सुन माया कहाँ छ मुटुको छेउमा छ ।

स्रोत व्यक्ति : **मन्दिरा तिमल्सिना**

**स्थान** : बेथानचोक-२, वर्ष -२२

**लोक दोहोरी गीत**

केटा : निम्तो पाए दोलालघाट आए, काभ्रेपलान्चोक चौतारीमा माया भेटाए
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
निम्तो पाए दोलालघाट आए, काभ्रेपलान्चोक चौतारीमा माया भेटाए
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटी : आयौ तिमी निम्तोलाई स्वीकारी, मेरो माया रैछौ नी मनकारी
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
आयौ तिमी निम्तोलाई स्वीकारी, मेरो माया रैछौ नी मनकारी
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटा : मन परेकी मायाले बेलाउँदा, लाजै लाग्ला भेट्नलाई नआउँदा
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
मन परेकी मायाले बेलाउँदा, लाजै लाग्ला भेट्नलाई नआउँदा
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटी : धेरै खुसी लाको छ मलाई, के ले स्वागत गरौ खै तिमीलाई
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
धेरै खुसी लाको छ मलाई, के ले स्वागत गरौ खै तिमीलाई
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटा : दोलालघाटमा मायाले बोलायौ चौताराको सम्झना के ल्यायौ
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
दोलालघाटमा मायाले बोलायौ चौताराको सम्झना के ल्यायौ
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटी : चोखो माया ल्याकी छु चिनो मेरो जीवन उपहार सम्झनु
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
चोखो माया ल्याकी छु चिनो मेरो जीवन उपहार सम्झनु
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

**स्रोत व्यक्ति** : भोजराज काफ्ले र सीता थापा

**स्थान** : बेथानचोक-२

**मुसी फरार भाकी छे (लोक दोहारी गीत)**

केटा : ए है भागी मुसी याद मात्रै खनार

ए है भागी मुसी याद मात्रै खनार

आफैदीलका विकारी बनाएर, ए है पीपल पाते ओठमाथि कोठी आकी छे दिलको ताल्चा फोरेर, लौ न लौ न हजुर एउटा मुसी फरार भाकी छ

केटी : ए है पागल जस्तै भैसके म पनि, संसार खोजे भेटिन काई पनि

ए है पागल जस्तै भैसके म पनि, संसार खोजे भेटिन काई पनि

ए है लामो लामो कपाल, कानमा मुद्रा लाको छ

दिलको चाल्चा फोरेर लौ न लौ न हजुर एउटा काले फरार भाको छ

केटा : ए है फेर ओढेको रातो सल्को, जति बेरे लाइरहने झ-झल्को

ए है फेर ओढेको रातो सल्को, जति बेरे लाइरहने झ-झल्को

ए है पिपल..... लौ न लौ न हजुर एउटा मुसी फरार भाकी छ

केटी : ए है हराईराछु अझै त्यै पलभित्र, संसार बिसिएको थिए सलभित्र

लामो लामो कपाल, कानमा मुद्री लामो छ

दिलको चाल्चा फोरेर लौ न लौ न हजुर एउटा काले फरार भाको छ

केटा : ए है पागल बनाई भनेर कालु मिसी फेरी चिमोटन सिपालु

पिपल पाते ओठमाथि कोठी आकी छे ।

दिलको चाल्चा फोरेर लौ न लौ न हजुर एउटा मुसी फरार भाकी छे

केटी : ए है यस्तो माया खोज्न कहाँ जाउँ होला, अझै पनि गालामा डाम होला

ए है यस्तो माया खोज्न कहाँ जाउँ होला, अझै पनि गालामा डाम होला

लामो लामो कपाल, कानमा मुद्रा लाको छ

दिलको चाल्चा फोरेर लौ न लौ न हजुर एउटा काले फरार भाको छ

**स्रोत व्यक्ति** : किरण गौतम र पार्वती कार्की

**स्थान** : बेथानचोक-२, वर्ष -२४

म जन्मेकै तिमीसँग माया लाउन हो
मरे पनि अर्को जुनी तिमीलाई पाउन हो ।

ज्योतिषीले भन्छ मेरो निधार तिम्रो नामै छैन
माया गर्ने मुटुले निधारले हैन
सानु माया गर्न मुटुले निधारले हैन

लेख्छन् यहाँ ए है जोडा गीतकारले गीत
लेख्छन् यहाँ ए है जोडा गीतकारले गीत
मैलाई हेर्दै कविले कविता सेतो घोडा
ए है जोडा भो कुरा छोड म पनि नि त कम्तीको कहाँ हो र ।
ओर पर ए है जोडा देख्नी सब जिल्ल छन् मैलाई हेर्दै घुटुक्क थुक निल्छन्
सेतो घोडा .............. ।

उमेर बैश ए है जोडा चार भाइ छन् म भन्दा मुनिका
म पनि त कम छैन कोही भन्दा सेतो घोडा............... ।

झ्यालैबाट ए है जोडा खसाल्देऊ डोरी, आउँछु म त्यै डोरी नछोडी
सेतो घोडा............ ।

सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।
आजकै दिन भेट हुन जुरेको कति न्यास्रो लाइराथे लुरेको ।
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

तिमीलाई भेट्न जुरेछ साइत, सारै खुसी लाइराछ मलाई त
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

त्यै भएर त मुख देख्न पाको नि, परसादखानी त्यू गरी आको नि
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

मेरो माया कहाँदेखि आउनु भो मेरैलाई याँ दुःख पाउनु भो
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

मेरो माया आउनु भो जाती, लाउनुहोस् पाती बस्नुहोस मेच माथि
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

वर पिपल देउराली डाडैंमा, बस्न पाए हुन्थ्यो नि आडैमा
सानु माया हाँसेर बोल ज्यानलाई ठिक छ मायालाई के होला ।

**स्रोत व्यक्ति** : मन्दिरा तिमल्सिना

**स्थान** : बेथानचोक-२, वर्ष -२२

## झ्याउरे गीत

हे यो नानीको परेली झिमझिम भो
मलाई पनि इसारा दिम दिम भो, माया जाल बुन्छु म झिम झिम सानु
नझिम्कै परेली भुतुक्कै हुन्छु म

हे तिम्रै हाम्रो घर एउटै पार्नलाई कहिले आउँछौ घडेरी खार्नलाई
झिमझिम सानु नझिम्कै परेली भुतुक्कै हुन्छु म

हे ओरालीमा जो झरे पनि मेरै माया झरेझैँ लाइरनी
झिमझिम सानु नझिम्कै परेली भुतुक्कै हुन्छु म

हे माया तिमी सारै नै खुनी जसलाई देख्यो उही माया भन्दिनी
मायाजाल बुन्छु नि झिमझिम सानु नझिम्कै परेली भुतुक्कै हुन्छु म

हे आकाशमा तीन तारा तिनै हुन्, हास खेल गर्ने दिन हाम्रा यिनै हुन्
मायाजाल बुन्छु नि झिमझिम सानु नझिम्कै परेली भुतुक्कै हुन्छु म

**स्रोत व्यक्ति** : मन्दिरा तिमल्सिना

**स्थान** : बेथानचोक-२, वर्ष -२२

होला खाली पलायो न्यरो पलाएन, ममाथि मन तिम्रो पशुपति गौशाला
कति बस्नु पिरमा तडपेर लाई देउ माया हे सानु बढाइदेउ हौसाला ।
कति बस्नु पिरमा तडपेर लाई देउ माया हे सानु बढाइदेउ हौसाला ।

आउँदा जाँदा यही बाटो पर्ने बोलाउ भने सबैले रिस गर्ने पशुपति गौशाला
कति बस्नु पिरमा तडपेर लाई देउ माया हे सानु बढाइदेउ हौसाला ।

तिमी हामी मन मिल्नु पर्छ दुनियाले रिस गरे के गर्छ । पशुपति गौशाला
कति बस्नु पिरमा तडपेर लाई देउ माया हे सानु बढाइदेउ हौसाला ।

तिमीलाई छोडी जाने मन थिएन के गरौं खोई कर्मले दिएन। पशुपति गौशाला
कति बस्नु पिरमा तडपेर लाई देउ माया हे सानु बढाइदेउ हौसाला ।

**स्रोत व्यक्ति :** मन्दिरा तिमल्सिना

**स्थान :** बेथानचोक-२, वर्ष -२२

**ठाडो भाका**

धानको बाला कोदाको कपनी
मरेपछि ढुंगाको छपनी

नातागोता दुई दिनको परानी
मरेपछि पार्दिन्छन् खरानी

दुई आँखाले देखेर चाहेको कसले छ र सबथोक पाएको
आफ्नै छायाँ मदेखि टाढा भो मेरो भागको फूल पनि काँडा भो

सबैबाट एक्लिए म किन यो हालतमा साथ पाउन सकिन
लाग्छ अब फेरि भेट भइन्न यो संसारमा धेरै दिन रहिन्न ।

ऐना जस्तै चकिन्छ यो मन त अन्तिम इच्छा साट्दैन आफन्त
बसेको छु तसला काटेर पसिनाले धन पैसा साटेर

नसोचेको स्थिति आउँदा कसैको नि भरोसा नपाउँदा
भन्ने गर्थे बूढा र पाकाले धोका दिन्छन् मन पापी भाकाले ।

**स्रोत व्यक्ति :** सङ्गीता तिमल्सिना

**स्थान :** बेथानचोक-२, वर्ष -२४

**भजन**

नारायण हरी हरी
भए झल्यास्स भए झल्यास्स हरे हरे
आज मलाई के भो भनी भए झल्यास्स
नारायण हरी हरी
क्षमा गरिदेउ क्षमा गरिदेउ

**स्रोत व्यक्ति :** रामप्रसाद तिमल्सिना
**स्थान :** बेथानचोक-२, वर्ष -२३

एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ।
पक्कै मरिन्छ हरिनाम जपेर पार तरिन्छ।

आकाशमा तीन तारा उदाए
तेरो मेरो भन्दैमा दिन गए ॥
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ।

कालो बादल गर्जेर बर्सियो
यमदूतलाई देखेर तर्सियो।
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ।

काम गर्दै जीवन यो बितेछ
भजन गर्न भुसुक्कै बिर्सेछ।
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ।

बच्ने अब यौटै छ उपाय
जाउँ शरण प्रभु नै सहारा।
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ।

जिन्दगीको के भर छ र
मरी लानु भोलि पो के छ र
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ ।

मनुष्यको क्या राम्रो चोला
फेरी जन्म होला कि नहोला
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ ।

नातागोता दुई दिनको परानी
मरेपछि पार्दिन्छन् खरानी
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ ।

**स्रोत व्यक्ति :** सङ्गीता तिमल्सिना
**स्थान :** बेथानचोक-२, वर्ष -२४

**धोका होला धोका होला धोका होला है**

धोका होला धोका होला धोका होला है ।
जिन्दगीको अन्तिम क्षणमा धोका होला है ॥

सुन्ने कान बैरो हुन्छ देख्ने आँखा अन्धो हुन्छ ।
मिलेका ती दाँतका पङ्क्ति सबैले नै बिदा लिन्छ ॥
त्यतिखेर जीवनमा धोका होला है
जिन्दगीको अन्तिम क्षणमा धोका होला है ॥

न त शाखा सन्तान साथमा न त धन दौलत हातमा
आउँदा आमाको काखमा थियौं जाँदा एक्लै मसानघाटमा
त्यतिखेर जीवनमा धोका होला है
जिन्दगीको अन्तिम क्षणमा धोका होला है ॥

अब आयो जाने दि नयमराज आउँछ लिन
प्यारो लाग्दो शाखा सन्तान भेला हुन्छन् बिदा दिन ।
त्यतिखेर जीवनमा धोका होला है
जिन्दगीको अन्तिम क्षणमा धोका होला है ॥
उपाय छ एउटै सुन राम्रो कुरा मनमा गुन
आत्मज्ञान जान्यौ भने आखिरमा पर्दैन रुन ।
नत्र भने जीवनमा धोका होला है
जिन्दगीको अन्तिम क्षणमा धोका होला है ॥

**स्रोत व्यक्ति :** सङ्गीता तिमल्सिना
**स्थान :** बेथानचोक-२, वर्ष -२४

**यो नौलो सुनौलो संसारमा**

यो नौलो सुनौलो संसारमा
आएर बस्यौ तिमी कस्को आधारमा ।

संसारमा आई तिमी नाता जोड्न लाग्यौ
सबै मेरो भनिकन चित्तलाई बुझायौ ।

बालक कालमा खेल्दै बित्यो जवानीमा मस्ती
बूढो भयो कहाँ जाने छैन बास बस्ती ।

तीर्थ गयौ ब्रत गयौ नसकिने भयो
घर आँगनको दैलो पनि पराई जस्तो भयो ।

त्यसैले त दाजुभाइ सुन दिदी बहिनी
भगवान्को भक्ति गर्ने उमेर छँदै हो नी ।

त्यति बेला याद आउँछ हरे राम कृष्ण
शरीर सबै जीर्ण भयो घर धन्दा कै तृष्णा ।

**स्रोत व्यक्ति :** सङ्गीता तिमल्सिना
**स्थान :** बेथानचोक-२, वर्ष -२४

# चौथो परिच्छेद
# लोकगीतहरूको वर्गीकरण र विश्लेषण

## ४.१ बेथानचोक क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण

बेथानचोक क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी अध्ययन गर्दा विभिन्न प्रकारका लोकगीतहरू प्राप्त भएका छन् । त्यस क्षेत्रमा विभिन्न प्रकारका लोकगीतहरू गाइन्छन् । ती मध्येका केही लोकगीतहरू यस अध्ययनपत्रमा समावेश गरिएको छ । सङ्कलित लोकगीतहरूलाई निम्नलिखित प्रकारमा वर्गीकरण गरिएको छ :

लोकगीत एउटा सामाजिक र सामूहिक उत्पादन हो । लोकगीतको प्रयोग समाजकै विभिन्न सदस्यहरूले विभिन्न समय र परिस्थितिमा गाउँछन् । काभ्रे जिल्लाको बेथानथोक इलाकामा गाइने लोक तथा दोहोरी गीतलाई तल प्रस्तत‍ु गरिएको छ ।

### ४.१.१ झ्याउरे भाकाका गीत

नेपाल हिमाली, पहाडी र तराई गरी तीन खण्डमा विभाजित भू-परिवेष्ठित देश हो । यहाँ डाँडाकाँडा, पाखा पखेराहरूमा धेरै गाउँहरू रहेका छन् । झ्याउरे एउटा लोकगीतको मुटु हो । यसमा दुःख, सुख, वेदना लगायत माया प्रेमका शब्दहरू बयान हुन्छ । झ्याउरे गीत कुनै छिटो त कुनै ढिलो गाइन्छ । झ्याउरे गीतमा केटाकेटी दुवै दोहोरी शैलीमा गाइन्छ । अत्यन्त मनोरम तरिकाले गाइन्छ । चाडपर्व, उत्सव तथा विविध सांस्कृतिक कार्यक्रममा यसले आफ्नो मूल्य निर्धारण गर्छ । केही गीतको अंश यसरी प्रस्तुत गरिएको छ ।

हे यो नानीको परेली झिमझिम भो
मलाई पनि इसारा दिम दिम भो, माया जाल बुन्छु म झिम झिम सानु
नझिम्कै परेली भुतुक्कै हुन्छु म

(झ्याउरे गीतबाट) ।

### ४.१.२ असारे भाकाका गीत

असारे गीत कृषकसँग सम्बन्धित ऋतुकालीन कर्म गीत हो । असारका समयमा हली, खेताला, खेताली तथा रोपाहार र बाउसेहरू बीच घोचपेच तथा रङ्गरसका कुराहरूमा आधारित अभिव्यक्तिहरू असारे गीतका रूपमा व्यक्त हुन्छन् । यी गीतमा रोपाहारहरूलाई हलीले र हलीले रोपाहरहरूलाई जिस्क्यायाउनुको साथै रोपाहारहरू बीच ख्यालठट्टाका कुरा पनि आउने गर्दछन् । केही गीतको अंश यसरी प्रस्तुत गरिएको छ ।

बर्खैमा लागि खोला र खोली बगेछ लेउसार
पूर्वै ढोका खोलेर हेर्दा लागेछ असार

असार मासको दोपहरे खाजा रानीको कसार
सुनको ढोको उघारी हेर्दा गएछ असार
(असारे गीतबाट) ।

### ४.१.३ तीज (पर्व) भाकाका गीत

नेपाली नारीहरूको महान् चाड तीज (भाद्र शुल्क तृतीयाको दिनदेखि प्रारम्भ हुने) का अवसरमा गाइने गीतहरूलाई नै तीज गीत भनिन्छ । तीजका समयमा अधिकाँश महिलाहरू माइती गएका हुन्छन् र उनीहरू एक ठाउँमा जम्मा भएर सामुहिक रूपमा तीजका गीतहरू गाउने गर्दछन् । नारीहरूले माइतीमा गई स्वतन्त्रतापूर्वक निर्धक्क आफ्ना दुःख, व्यथा, वेदना घरका सासु ससुराका व्यवहार र आफूले भोगेका दुःख दर्दहरूलाई अभिव्यक्ति गीत मार्फत पोखेर मनलाई हलुका पार्दछन् । तीजका गीतहरूमा आफ्नो दुःख अरुलाई सुनाउने गरिन्छ । तीजका गीतहरूमा नेपाली नारीका पीडा, रोदन कुन्दन, विलाप, उत्पीडन, सुस्केरा, आँसुको अभिव्यक्तिसँगै माइतीको सुखसयलको वर्णन अनि बाबुआमा, दाजुभाउजु, भाइबुहारी, भतिजा आदिको सम्झना गर्दै मार्मिक अनुभूतिहरू छताछुल्ल भएका हुन्छन् । यो नारी प्रधान गीत हो । यसरी हरितालिका वा तीजका अवसरमा गाइने गीत नै तीज लोक गीत हुन् । केही गीतको अंश यसरी प्रस्तुत गरिएको छ ।

तीजको बेलामा सबै जान्छन् माइत

आफ्नो माइती डाँडापारी छैन साइत -२

तीजको बेलामा बाबा आए लिनलाई
पठाई दिनुस् स्वामी राजा दुई दिनलाई -२
(तीज गीतबाट)।

## ४.१.४ देउसी (चाडपर्व) गीत

'देउसी' तिहारको अवसरमा गोरु तिहारको दिन बेलुका घर घरमा डुलेर आँगनमा उठेर गाइने गीत हो । तिहारको अवसरमा गाईने भएकोले यसलाई पर्व गीत पनि भनिन्छ । तर आजभोली कुनै सामाजिक कार्यका निम्ति आवश्यक रकम जुटाउन पनि देउसी कार्यक्रम बनाएर विषयवस्तु अनुरूपका गीत गाउने प्रचलन बढेको छ । जसले गर्दा देउसीलाई राष्ट्रिय स्वरूप दिइएको पाइन्छ । देउसी शब्दको व्युत्पत्ति बारे विभिन्न विद्वान्हरूले आ-आफ्नो मत अगाडि सारेका छन् । तापनि सोझो व्युत्पत्ति चाहि तत्सम शब्द 'देवश्री'बाट भएको बढी युक्ति संगत देखिन्छ । देवको अर्थ देवता र श्रीको अर्थ सम्पत्ति भएकाले देउसीको अर्थ देवताले श्रीसम्पत्ति दिऊन् भन्ने आशीर्वचन बुझिन्छ । देउसी साथीभाइ जम्मा भई बाद्यवादनहरू ( मादल, खैजडी, मजुरा आदि) बजाउँदै गाइने गीत देउसी गीत हो । देउसीको आशिष नै धनधान्य होस् भन्ने रहन्छ । काभ्रे जिल्लाको बेथानथोक भेगमा गाइने देउसी गीतलाई निम्न लिखित प्रस्तुत गरिएको छ ।

हे मेरा भाइ हो, देउसी रे
हे झिलिमिली झिलिमिली, देउसी रे
हे के को झिलिमिली, देउसी रे
हे बत्तिको झिलिमिली, देउसी रे
(देउसी गीतबाट)।

## ४.१.५ भैलो (चाडपर्व) गीत

भैलो शब्द नेपाली भाषाको झर्रो शब्द हो । यसले भलो शब्दकै निकट सम्बन्ध राख्दछ भन्ने कुरा भलो चिताएर नै भैलो गाइएको देखिनाले स्पष्ट हुन्छ । देउसी

पुरुष प्रधान गीत हो भने भैलो नारी प्रधान गीत हो । यो लक्ष्मीपूजाका दिन गाइन्छ । नारीहरू सम्मिलित भएर प्रत्येक घर घरमा डुलेर देउसी जस्तै गरी गाइन्छ । काभ्रे जिल्लाको बेथानथोक इलाकामा गाइने भैलो गीतलाई तल प्रस्तत् गरिएको छ ।

भैलेनी आइन आँगन बडारी कुडारी राखन
हे औसीको बार गाई तिहार भैलो

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
भैलेनी आईन भैलाउँदै गुनियो चोलो मैलाउँदै
भैलेनी आइन आँगन बडारी कुडारी राखन
हे औसीको बार गाई तिहार भैलो

(भैलो गीतबाट) ।

### ४.१.६ भजन

धार्मिक पूजाका अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवदेवीहरूको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ । त्यहाँका मानिसहरूमा मानसिक शान्ति र सान्त्वना दिने क्रममा विभिन्न देवी देवताको पूजा गर्ने, ब्रत बस्ने सम्बन्धित देवी देवताको गुणगान गर्ने प्रचलन छ । यस गीतमा खैजडी र मजुरा जस्ता बाद्य सामग्रीको प्रयोग गरिन्छ ।

आकाशमा तीन तारा उदाए
तेरो मेरो भन्दैमा दिन गए ॥
एक दिन मरिन्छ हरिनाम जपेर पार तरिन्छ ।

(भजन गीतबाट) ।

### ४.१.७ संस्कार गीत

मानिसको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू हुन्छन् । हाम्रो लोक समुदायले विभिन्न संस्कार मनाउँछन् । जन्म, विवाह, ब्रतबन्ध, न्वारन, छैठी, मरण संस्कार गर्दा संस्कार गीतहरू गाईने गरिन्छ ।

गहुँको पिठो हो मुछेर सुवारी
आइ त पुगिन लच्छिनकी बुहारी

दुलही नानी हो ! तिम्रो मन कस्तो छ ?
हाम्रो भाइ त कृष्णजी जस्तो छ -२
(संस्कार गीतबाट) ।

## ४.१.८ रत्यौली गीत

विवाहका दिन पुरुषहरू दुलही लिन गएपछि छिमेकी टोलका आइमाइहरू जम्मा भएर रातभरि गरिने स्त्री पुरुषका बीचको प्रेम लीलामा आधारित नाचगान, अभिनय आदि रत्यौली हो । महिलाहरूबाट विवाहको अवसरमा अनेकौ अभिनय गरी विविध रमाइला शब्दको प्रयोग गरी हाँस्यव्यङ्ग्यात्मक, श्रृङ्गारिक पारामा यो गीत गाइन्छ । पहिले पहिले रातमा विवाह हुने हुँदा रातमा नै रत्यौली गाइन्छ ।

दाइ त गए हो ! सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै -२

पारिपट्टि हो ! भोगटे पेलेको
दाइको बिहेमा रत्यौली खेलेको -२
(रत्यौली गीतबाट) ।

**लोक दोहोरी गीत (समूहमा गाइने गीत)**

केटा : निम्तो पाए दोलालघाट आए, काभ्रेपलान्चोक चौतारीमा माया भेटाए
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
निम्तो पाए दोलालघाट आए, काभ्रेपलान्चोक चौतारीमा माया भेटाए
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक

केटी : आयौ तिमी निम्तोलाई स्वीकारी, मेरो माया रैछौ नी मनकारी
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
आयौ तिमी निम्तोलाई स्वीकारी, मेरो माया रैछौ नी मनकारी
काभ्रेपलान्चोक माया नै संसारमा रैछ सबै थोक
(लोक दोहोरी गीतबाट) ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस अध्ययनपत्रको पहिलो परिच्छेदमा काभ्रे जिल्लाको बेथानचोक क्षेत्रको लोकगीतको अध्ययन विषयको प्रस्ताव गरिएको वा उल्लेख गरिएको छ । जसमा अध्ययनपत्रको परिचय, समस्या कथन, अध्ययन कार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन विधि, अध्ययन विधि जस्ता उपशीर्षक प्रस्ताव गरिएको छ ।

दोस्रो परिच्छेदमा काभ्रे जिल्लाको बेथानचोक क्षेत्रको सामान्य परिचय दिइएको छ । काभ्रे जिल्लाको नामकरण, प्राकृतिक वनावट तथा भौगोलिक अवस्था, राजनीतिक विभाजन, जनसङ्ख्या, धर्म, शैक्षिक अवस्था, यातायात, सञ्चार, वनजङ्गल आदि विषयहरूको बारेमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा बेथानचोक क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन गरिएको छ ।

चौथो परिच्छेदमा काभ्रे जिल्ला बेथानचोक क्षेत्रमा प्रचलित लोकगीतहरूलाई वर्गीकरण गरी तिनका सामाजिक, आर्थिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा नारी जीवनको चरित्र र विश्लेषण गरिएको छ ।

यसरी यस पच्छिेद तथा पाँचौ परिच्छेदमा प्रस्तुत अध्ययनपत्रको एकदेखि पाँच परिच्छेदसम्मको अध्ययन र विश्लेषणबाट प्राप्त मूलभूत कुराहरूलाई उल्लेख गरिएको छ भने अध्ययनबाट प्राप्त भएका तथ्यहरूमा आधारित भई निष्कर्ष दिइएको छ ।

## ५.२ निष्कर्ष

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत एम. ए. दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्र पूर्णाङ्क ५० को अध्ययनपत्रको लागि काभ्रे जिल्लाको बेथानचोक क्षेत्रको लोकगीतको अध्ययन विषय शीर्षक छनोटमा केन्द्रित

रही यस क्षेत्रमा प्रचलित विभिन्न प्रकारका लोकगीतहरूको सङ्कलन गरी विश्लेषण गरिएको छ ।

नेपाली लोकगीतको क्षेत्रमा यो क्षेत्र सम्पन्न मानिए तापनि यी गीतहरूको अध्ययन र विश्लेषण खासै भएको पाइँदैन । यसर्थ अध्ययनपत्रमा निर्धारित भेगका गाउँ टोलमा पुगी गीतहरू सङ्कलन गरिएको छ ।

बेथानचोक क्षेत्रको परिचयले यस क्षेत्रको गहिरो चिनारी प्राप्त गर्न सहयोग पुग्न सक्ने छ । यस जिल्लाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक आदिको महत्त्वको बारेमा चिनारी दिने क्रममा पनि यो अध्ययनपत्रले सहयोग गर्नेछ ।

लोक जीवनले भोगेका वास्तविक जीवन नै यहाँका लोकगीतको विषयवस्तु हुन् । यी गीतहरूलाई जीवन्त राख्न सबै वर्ग समुदायका लोक संस्कृतिप्रेमीको लगनशीलता समुदायका लोकसंस्कृति प्रेमी चाहिन्छ । यस अध्ययनपत्रमा केही हदससम्म भए पनि यस भेगको लोकगीतको विश्लेषण एवम् वर्गीकरण गरिएको छ । यस कार्यबाट वर्तमान आधुनिकताको लहडमा परी लोप हुन सक्ने गीतलाई भावी पुस्ताका लागि लोकसंस्कृतिको अमूल्य निधिको रूपमा जोगाइ राख्न, विभिन्न पर्व र समयमा गाइने गीतहरूको पहिचान र तुलना गर्न, लोकगीत र हाम्रो जीवनको अन्तरसम्बन्ध थाहा पाउन आदि यस अध्ययनपत्रले सहयोग पुग्नेछ ।

# सन्दर्भसूची

**नेपालको राष्ट्रिय जनगणना, २०६८** (गा.वि.स. तह) केन्द्रीय तथ्याङ्क विभाग, २०६९ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स, २०५८ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

https://en.wekipedia.org/wiki/Kavre